जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक २५३ २०८० साल बैशाख २९ गते शुक्रबार (12 May 2023 Friday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सुशासनमा सघाउँदै.. ३ पृष्ठमा : शरणार्थी प्रकरणको 'नेक्सस'लाई ... ३ पृष्ठमापाकिस्तानका पूर्वप्रम इमरान खान पक्राउ..

## लोसपाद्वारा जग्गा रोक्का, लालपूर्जा बितरण लगायतका प्रक्रिया अविलम्ब सुरु गर्न माग



**दैनिक समाचारदाता**
**राजविराज, २८ बैशाख ।**

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल सप्तरीले राजबिराज नगरपालिकाको बिटौरी जग्गा लगायत जिल्ला भरिका गाउँ ब्लक, बाल बिटौरी, मिनही, जिरायत सहितको जग्गालाई दर्ता लालपुर्जा प्रदान गर्न ब्यबस्था मिलाउन माग गरेको छ ।

बिहीबार लोसपाका जिल्ला अध्यक्ष सुनिल कुमार झाको नेतृत्वमा गएको टोलीले ७ बुँदे मागसहित नापी शाखा प्रमुख शत्रुहन प्रसाद यादवलाई ज्ञापन पत्र समेत बुझाएको छ ।

बुझाइएको ज्ञापनमा सो ती जग्गाहरुको नाप जाँच ऐन २०१९ र नेपाल राजपत्र २०७५ मा प्रकाशित सूचना अनुसार नाप नक्शा भई कानुन अनुसार ७ दिने सूचना २१ दिने सुचना प्रकाशित भए पनि उक्त जग्गाहरु दर्ता तर्फ उचित ध्यान नदिई हालसम्म सर्वसाधारण जनताले जग्गा धनी प्रमाण पूर्जा नपाएकोले सो तर्फ अविलम्ब ध्यान दिई कानुनी प्रक्रिया पुरा गराई जनतालाई धनी प्रमाण पूर्जा उपलब्ध गराउन माग गरिएको छ ।

त्यस्तै जिल्लाभरि गाउँ ब्लक, बिटौरी, बाल बिटौरी, मिनही, जिरायत समेतका जग्गाहरु नापी भई सम्पूर्ण कार्यहरु सम्पन्न भए पनि हालसम्म दर्तातर्फ कुनै प्रक्रिया बारे सूचना नभएकोले सो तर्फ ध्यान दिन आग्रह गरिएको छ ।

राजविराज नगर क्षेत्रमा मात्रै करिब ४२ सय परिवार वर्षौदेखी लालपूर्जा आफ्नो नाममा नभएको तथा नक्शा पास समेत रोकिदा समस्यामा छन् । जग्गा वापत नगरपालिकाबाट पाएको बिटौरी रसिदका आधारमा बसोवास र विगतमा समस्या परेका बेला सोही बिटौरी रसिदमा उल्लेखीत जग्गा बैंक र बित्तिय संस्थामा धितो राखी ऋण कर्जा लिने गरेका उनीहरु अहिले सो सेवा सुविधाबाट पनि बञ्चित भएका छन् ।

सो अवसरमा पार्टीका केन्द्रीय सदस्य जयप्रकाश ठाकुर, गजेन्द्र मण्डल, दिपेन्द्र चौधरी, उपेन्द्र साह, राजबिराज नगरपालिकाका पुर्ब मेयर शम्भु प्रसाद यादब, वडा नं. ६ अध्यक्ष शशी चौधरी, जिल्ला उपाध्यक्ष राजेन्द्र प्रसाद दास, कोषाध्यक्ष मनोज झा, मनोज देब, सह-सचिब जय नरायण यादब लगायतका नेताहरुको उपस्थिति रहेको थियो ।

सोही ज्ञापन पत्र भूमि ब्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, नापी विभाग काठमाडौं, भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय जनकपुरधाम, जिल्ला प्रशासन कार्यालय सप्तरी र राजविराज नगरपालिकाको कार्यालयलाई समेत बोदार्थ गरिएको छ ।

## ८२ दललाई लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गर्न निर्वाचन आयोगको निर्देशन

**दैनिक समाचारदाता**
**राजविराज, २८ बैशाख ।**

निर्वाचन आयोगले २०७८/८९ को लेखापरिक्षण प्रतिवेदन समयसीमा भित्रै पेश गर्ने ८२ राजनीतिक दललाई सात दिनभित्र विभिन्न माध्यमबाट सार्वजनिक गर्न निर्देशन दिएको छ ।

आयोगका सहसचिव एवं प्रवक्ता शालिग्राम शर्मा पौडेलद्वारा बिहीबार जारि प्रेस विज्ञप्तिमा राजनीतिक दललाई आयोगमा पेश गरेको लेखापरीक्षण प्रतिवेदन ७ दिनभित्र सम्बन्धित दलको कार्यालय वा वेबसाइट, आमसञ्चार माध्यम (पत्रपत्रिका, रेडियो, टेलिभिजन आदि), सामाजिक सञ्जाल (फेसबुक, टि्वटर, ईन्सटाग्राम) का माध्यमबाट सार्वजनिक गरी सार्वजनिक गरेको मितिले ७ (सात) दिनभित्र सोको जानकारी आयोगमा गराउन निर्देशन दिएको उल्लेख छ ।

जारि विज्ञप्तिमा भनिएको छ, "आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ को लेखापरीक्षण प्रतिवेदन निरन्तर दुई आर्थिक वर्ष सम्म पेश नगर्ने राजनीतिक दल मुस्कान सेना नेपाल पार्टी, शिब सेना नेपाल, आम आदमी पार्टी नेपाल, राष्ट्रिय जनमुखी पार्टी लोकतान्त्रिक र नेपाल कम्युनिष्ट पार्टी लोकतान्त्रिकलाई सो २ (दुई) आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन कानुन बमोजिम तोकिएको समयावधि भित्र किन पेश नगरेको हो ? लेखापरीक्षण प्रतिवेदन आयोगमा पेश गर्ने कार्य नगरेकोले तपाईंलाई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५४ को उपदफा (५) को खण्ड (क) बमोजिम किन कारवाही हुनु नपर्ने हो ? भन्ने व्यहोराको आफ्नो सफाई सहितको स्पष्टीकरण राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५४ को उपदफा (८) बमोजिम ७ (सात) दिन भित्र पेश गर्न आयोगले निर्देशन दिएको छ ।"

यसैगरी आयोगबाट आ.व. २०७८/७९ को लेखापरीक्षण प्रतिवेदन तोकिएको समयवाधि भित्र पेश नगरी सो समयावधि व्यतित भएपछि पेश गर्ने ९ (नौ)

*बाँकी अन्तिम पृष्ठमा*

## मिटर ब्याज पीडितलाई निवेदन दिन सात दिन म्याद थप

**दैनिक समाचारदाता**
**राजविराज, २८ बैशाख ।**

अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोगले मिटर ब्याज पीडितहरुलाई निवदेन दिन सात दिन थप म्याद दिएको छ ।

आयोगले बिहीबार विज्ञप्ति जारि गर्दै जेठ १ देखी ७ गते भित्र पीडितहरुले आफ्नो भएसम्मका सबुद प्रमाणसहित भएको ब्यहोरा खुलाई अनलाइनबाट सिधै आयोगमा वा निवेदकको जिल्लामा रहेको जिल्ला प्रशासन कार्यालयमा निवेदन दिन सक्ने जनाएको छ ।

सोही विज्ञप्तिमा प्रत्येक जिल्ला प्रशासन कार्यालयमा मिटर ब्याज पीडित सहायता कक्ष स्थापना गरिएको जनाउँदै सोही कक्षमा निवेदन फारम निशुल्क उपलब्ध हुँदै आएको तथा निवेदन फारम कार्यालयकै कर्मचारीले नै भराई दिने प्रबन्ध समेत मिलाइएको उल्लेख छ ।

## अग्नी पीडितलाई सांसद साहको सहयोग



**दैनिक समाचारदाता**
**राजविराज, २८ बैशाख ।**

बुधवार साँझ भएको आगलागीले बेघर बनाएका सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १४ रम्पुराका ६ विपन्न परिवारलाई विहीवार राहत स्वरुप लत्ताकपडा, भाँडाकुडा, त्रिपाल र खाद्यान्न लगायतका राहत समाग्री प्रदान गरिएको छ ।

प्रतिनीधी सभासदस्य नबलकिशोर साहको सहयोगमा महेन्द्र कामैत, शिवु कामैत, बेचन कामैत, जहरी कामैत, देवु कामैत र बद्री कामैतको परिवारलाई राहत प्रदान गरिएको हो ।

आगलागी पीडितको विजोग भएपछि काठमाण्डौमा रहेका सांसद साहले आफ्नो निजी खर्चबाट तत्कालका लागी २५ किलो चामल, भुजा, त्रिपाल, लत्ताकपडा, भाडाकुडा लगायतका राहत समाग्री पठाई दिएको जसपाका यूवा नेता एवं हनुमाननगर कंकालिनी नगरपालिकाका पूर्व मेयर शैलेश साहले जानकारी दिए ।

साँझ ६ बजेतीर महेन्द्र कामैतको पुजाघरबाट सल्केको आगो तत्काल नियन्त्रणको उपाय हुन नसक्दा फैलिएर छिमेकी सहित ६ परिवारको १४ वटा घर खरानी भएको थियो ।

हावाहुरीका कारण आगो फैलिदा नियन्त्रण कार्य कठिन भएको र झण्डै २० लाख मूल्य बराबरको सम्पती जलेर क्षति भएको वडा अध्यक्ष कृष्ण कुमार यादवले जानकारी दिए । आगलागीमा परेका सबै घर काठ र फुसको संरचना भएका हुन ।

यस अघि वडा अध्यक्ष यादवले पनि बुधवार अग्नी पीडितलाई प्रारम्भीक राहत स्वरुप खाद्यान्न वितरण गरेका थिए । आगलागीका सर्वाधिक घट्ना हुने यस जिल्लामा गर्मी मौसमको

*बाँकी अन्तिम पृष्ठमा*

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**

## सम्पादकीय

### हरवा चरवाहरुको मागप्रति सरकार गम्भिर होऔं

हरवा चरवाहरु दशकौंदेखी भूमिहिन छन् । पटक पटक आफ्नो माग सम्बोधनका लागि संघर्ष गर्दा पनि उनीहरुको मागप्रति सरकार गम्भिर नभएको आरोप लाग्दै आइरहेको छ । यसैबीच गत साउन महिनामा सरकारले उनीहरुको माग सम्बोधन गर्दा पनि कार्यान्वयन हुन नसक्दा उनीहरु थप पीडामा छन् । तीन पुस्तासम्म गिरहत कहाँ बसेर काम गर्दा पनि ऋणबाट मुक्त हुन नसकेको र ९ महिनाअघि सरकारले गरेको वाचा अहिलेसम्म पुरा नगर्दा हरवा चरवाको जिवन थप कष्टकर बन्दै गएको छ ।

अब उनीहरुले आगामी आर्थिक वर्षको बजेटमा आगामी आर्थिक वर्ष २०८०/८१ को नीति कार्यक्रम र बजेटमा हरवा चरवाको पक्षमा विशेष कार्यक्रम ल्याउन प्रमुखताका साथ सरकारसँग माग गरेका छन् । हरवा चरवाहरु गरिबी र ऋणको दुस्चक्रमा फस्दै गएको पुस्तौदेखी गरिबीमा पिल्सिएको तथा ऐलानी जग्गामा बासेवास गर्दै आएका हरवा चरवा कुनै बेला पनि उठिवास हुन सक्ने चिन्ता र त्रासमा बाचिरहेका छन् । सरकारले भने आश्वासन बाहेक केही नदिएको उनीहरुको गुनासो छ ।

तसर्थ हरवा चरवाहरुलाई न्याय दिनका लागि उनीहरुको माग सम्बोधन हुनु जरुरी छ । लामो समयदेखी संघर्ष गरिरहेका उनीहरुको बसोबासका लागि भूमी, शिक्षा तथा रोजगारीको ब्यवस्थाका लागि सरकार गम्भिर हुनु आवश्यक छ ।

# सुशासनमा सघाउँदै पत्रकारिता

**विपुल पोखेल**

काठमाडौँ, २८ वैशाख (रासस) ।

निकै सकसपूर्ण तरिकाबाट वर्तमान सरकार गठन भएको थियो । चुनावमा एउटा गठबन्धन थियो, चुनावलगत्तैको सरकार निर्माणका क्रममा फेरि अर्को गठबन्धन बनिदियो । त्यो गठबन्धन पनि निरन्तर रहन सकेन । राष्ट्रपतिको निर्वाचनसम्म आइपुग्दा फेरि चुनाव अगाडिको गठबन्धन ब्युँझियो । छोटो समयमा सत्ता समीकरणका खेल तीव्ररुपमा खेलिइरहँदा सरकारले आफूलाई कसरी जोगाउने भन्ने भन्दाबाहेक केही पनि सोच्न सकेको स्थिति थिएन ।

उपचुनावको मतपरिणामको व्याख्या गर्ने क्रममा प्रायःसबैको एउटै धारणा पाइयो कि यो मतपरिणामले नागरिकको सुशासनको उत्कट चाहनालाई उजागर गरिदिएको छ । यो निष्कर्षमा विमति राख्ने ठाउँ पनि थिएन । नयाँ दलका रुपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले पाएको मतलाई पुराना दलसँगको निरासाको मत भनेर पनि परिभाषित गरियो भने नयाँ दलसँगको आशाको मत भनेर पनि परिभाषित गरियो । परिभाषित जसरी गरिएको भएता पनि रास्वपाले चुनावमा सुशासनको कुरा चर्कोरुपमा उठाएको थियो र त्यसबाट मतदाताको ध्यान खिच्न सकेको मान्न सकिन्छ । वर्तमान सरकार गठनसँगै सुशासनको मुद्धालाई प्रमुखताका साथ उठायो । तर, त्यसको प्रारम्भ कहाँबाट र कसरी गर्ने भन्ने अन्योलतामा सरकार हराई पनि रह्यो ।

निर्माणाधीन आयोजनाको मन्त्री प्रधानमन्त्रीवाट निरीक्षण, काठमाडौँका सडकका खाल्डाखुल्डी पुर्न निर्देशन, यातायात कार्यालयमा अनलाइन सेवाको प्रतिबद्धतामा सरकार दौडदै थियो । सुशासनप्रतिको आफ्नो प्रतिबद्धतालाई व्यावहारिक रुप दिनका लागि थिए र चल्दै छन् पनि यस्ता गतिविधिहरु । तर, भ्रष्ट प्रवृत्तिलाई नै तरङ्गित हुने गरी अनि नागरिकहरुमा पनि आशाको सञ्चार हुने गरी सुशासन लक्षित कुन काम गर्ने भन्ने निस्कर्षमा नपुगेको सरकारलाई अहिले मिडियाले एउटा बाटो देखाइदिएको छ र त्यस आधारमा आफ्नो कामको प्राथमिकीकरण गर्नका लागि प्रेरित गरेको छ ।

पत्रकारिता क्षेत्रलाई राज्यको चौथो अङ्ग भनिन्छ । सन् १८२१ मा जर्मन सांसद एडमन वुर्कले राज्यलाई चौथो अङ्ग भनेर सम्बोधन गरेका थिए । उनको त्यो सम्बोधनपछि पत्रकारिताको महत्वमाथि चर्चा सुरु भयो र यसलाई चौथो अङ्गका रुपमा सम्बोधन गर्न सकिने तर्कमा सबै सहमत हुँदै आए ।

खासगरी सरकारले के गरिरहेको छ भन्ने सन्देश जनतालाई दिने तागत मिडियाले राख्छ । भ्रष्टाचारमाथि प्रकाश पार्दै जनता तथा सरकारलाई त्यसबारेमा सचेत बनाउँछ र गलत हुँदै गरेका गतिविधिका बारेमा पनि जानकारी गराउँछ । यी तीन वटा महत्वपूर्ण कार्य गर्नसक्ने भएकाले नै पत्रकारिताको चौथो अङ्गका रुपमा स्वीकार्यता बढ्दै गएको हो । बिहीबार पनि राज्यको चौथो अङ्गका रुपमा मिडियाको चर्चा परिचर्चा गरिन्छ । यसरी चर्चा गरिए झैँ मिडियाले काम गर्दै जाँदा त्यसबाट लाभान्वित हुने भनेको राज्य नै हो । अर्थात् नागरिकहरुले अपेक्षा गरेको जस्तो समाज वा परिवेश निर्माण हुने हो ।

यहाँ चर्चा गर्न खोजिएका सन्दर्भ पनि आफ्नो प्राथमिकतामा अलमलमा परिरहेको सरकारलाई मिडियाले आफ्नो दायित्व निर्वाह गर्दै जाँदा त्यो अलमल हट्छ भन्ने नै हो । सुशासनका सन्दर्भमा कहाँबाट काम थाल्ने भन्ने अन्योलमा रहेको सरकारलाई नेपाली मिडियाले त्यो अन्योलता हट्ने गरी प्रेरित गरिदिएको छ । यस बीचमा नक्कली भुटानी शरणार्थी प्रकरणलाई मिडियाले उजागर गरिदिएको छ । योसँगै मिलोमतोमा प्रक्रिया नै नपुऱ्याइ ठेक्का दिनका लागि कार्यविधि निर्माण गरेको खुलासा पनि भर्खरै भएको छ ।

मिडियाले निर्भिकताका साथ आफूलाई प्रस्तुत गर्दा सरकारलाई आफ्ना एजेण्डाको प्राथमिकीकरणमा सघाउ पुग्छ भन्ने दृष्टान्त यी सन्दर्भ हुन् । मन्त्री, सचिव भइसकेकाहरुलाई नै कारवाहीको दायरामा ल्याएर सुशासनका क्षेत्रमा काम गर्न थालेको आभास दिन सरकारले अवसर पाएको छ ।

मिडियाको निर्भिकतापूर्ण उपस्थिति र अनुसन्धानमा आधारित सामग्रीले सरकारले काम गर्न मार्ग पहिल्याउन सक्दो रहेछ भन्ने तथ्य पुनःस्थापित भएको छ । त्यस्ता घटनाहरुलाई लुकाउन खोजे सरकार बद्नाम भएर रसातलमा पुग्नेछ भने सत्यको अनुसन्धान सही ढङ्गले गरेर त्यसलाई निष्कर्षमा पुराउने हो भने सरकारको हाइहाइ बढ्ने हो । अब कुन बाटोमा जाने भन्ने विषयमा सरकार आफैँ गम्भीर बन्न आवश्यक छ । जुन ढङ्गले काम गर्ने आकाङ्क्षा राखिएको थियो, आम अपेक्षा पनि थियो, अब त्यो बाटोमा हिँड्नका लागि सिङ्गो जनमतले नै साथ दिने परिवेश मिडियाले बनाइदिएको छ ।

मिडिया सबल भयो भने, त्यसको प्रभावले नयाँ तरङ्ग ल्याउन सक्छ । अमेरिकी पत्रकारको अनुसन्धानले राष्ट्रपति रिचर्ड निक्सनको राजीनामा निम्त्यायो, वाटरगेट काण्डले त्यो घटना परिचित छ । पत्रकारिताले आफ्नो सामर्थ्यको पहिचान गरी सुशासनका पक्षमा खेलेका तमाम भूमिकाको स्मरण गर्दै अब नेपालमा पनि शुसानका लागि पत्रकारिताको अभ्यास प्रारम्भ भएको कालखण्डका रुपमा यो समयलाई स्मरण गर्ने गरी अगाडि बढ्न सकिन्छ । निरन्तर फलोअप सामग्रीमार्फत निष्पक्ष छानबिनका लागि सरकारलाई सहज बनाइदिँदा नागरिकको अपेक्षा पूरा गर्ने सन्दर्भ पनि जोडिएर आउँछ ।

अहिले जुन ढङ्गले भ्रष्टाचारका विपक्षमा मिडियामा विषयवस्तु आइरहेका छन्, त्यसले नागरिकको ध्यानाकर्षण पनि भैरहेको छ । इन्टनेट प्लेटफर्म सबैलाई पत्रकारिता हो कि झै मानिदै गरिएको बेलामा पत्रकारिता अलग हो भन्ने बुझ्न बुझाउन पनि यस्ताखाले अनुसन्धानमा आधारित र जनचासोका विषयलाई मिडियाले प्रवाह गर्नुपर्ने हुन्छ । मिडियाको बिश्वसनीयतालाई अभिवृद्धि गर्नका लागि पनि अनुसन्धानमा आधारित सामग्रीको अत्यधिक प्रवाह आवश्यक पर्दछ ।

एक जना विद्ववानले भनेका छन्,-जुनकुरा देखाउन खोजिन्छ, त्यो विज्ञापन हो, जुन कुरा दबाएर राख्ने प्रयास हुन्छ, त्यो समाचार हो । यो तर्कलाई स्वीकार गर्दै अगाडी बढ्ने हो भने पत्रकारितले दबाउने इच्छाका साथ राखिएका विषयहरुको गर्तमा गएर खोजेर ल्याउने शाहस गर्दछ । यो तर्कले पत्रकारलाई त्यसैगरी अभिप्रेरित पनि गर्दछ । अमेरिकाको वाटरगेट काण्डको अनुसन्धान गर्ने पत्रकारद्वय बब वुडवार्ड र कार्ल बर्नस्टिनको भूमिकाले त्यहाँको अपराधिक र भ्रष्टाचारको काण्ड जुन ढङ्गले बाहिरियो, त्यसले संसारभर तरङ्ग ल्याइदियो । बिहीबार संसारभर अनुसन्धानात्मक रिपोर्टिङको चर्चा गर्दा वाटरगेट काण्ड अनि त्यसको अनुसन्धान गर्ने पत्रकारद्वय बव वुडवार्ड र कार्ल बर्नस्टिनको नाम आइहाल्छ । हाम्रो अभ्यास र पत्रकारिताप्रतिको समर्पण भावले नेपालमा पनि बव बुडवार्ड र कार्ल बर्नस्टिन जस्ता पत्रकारहरुको जन्म नहोला भन्न सकिँदैन ।

पत्रकारितामाथि प्रश्न उठाइँदै गर्दा, पत्रकारिताको विश्वसनीयतामाथि शङ्का गरिदै गर्दा फेरि पनि सही सूचना दिने माध्यम पत्रकारिता नै हो । नागरिकको चाहना बुझेर त्यसका लागि बिभिन्न चुनौतीको सामना गर्दै अनुसन्धान गरेर निरन्तर सूचना प्रवाह गर्ने भनेको पत्रकारिता मात्रै हो । पत्रकारिताको अभावमा नागरिकले सूचना पाउने प्रणाली नै खत्तम हुनपुग्छ र एउटा अकल्पनीय अन्धकारमा समाज धकेलिन्छ ।

अमेरिकाका तत्कालीन राष्ट्रपति थोमस जेफर्सनले भनेका छन् कि, यदि मलाई सरकार र पत्रकारितामध्ये एक रोज्न पऱ्यो भने मैले एक मिनेट पनि नसोंचेर पत्रकारिता रोज्नेछु । जेफर्सनको यो रोजाइले समाजमा पत्रकारिताको अनिवार्य आबश्यकतालाई दर्शाउँछ । विभिन्न कालखण्ड र सन्दर्भमा पत्रकारितामाथि प्रश्न उठाइन्छ पनि, लाञ्छना नै लगाइन्छ पनि । आक्रमणको प्रयास पनि हुने गर्दछन् । तर पत्रकारिता त्यसबाट रत्तिभर विचलित हुनु हुँदैन । त्यस्ता प्रतिक्रियालाई अझ राम्रो गर्ने प्रेरणाका रुपमा लिँदै आफ्नो दायित्व निर्वाहको पथमा हिँडिराख्नु नै पत्रकारिताको धर्म हो ।

गल्तीलाई ग्रहण गर्ने र सच्चिन तत्परता देखाउने चरित्र हो पत्रकारिताको । आलोचना र लाञ्छनाले पत्रकारिता कमजोर हुँदैन, बरु थप सशक्त हुन प्रेरित गर्दछ । नेपालको सुशासनका सन्दर्भमा नेपाली पत्रकारिता क्षेत्रले प्रारम्भ गरेको अध्यायलाई एउटा यस्तै प्रेरणाको प्रवाहका रुपमा लिन सकिन्छ । पत्रकारलाई सूचना दिनका लागि र तथ्य दिनका लागि नागरिक पनि जागरुक भइदिने हो भने अझ सहज हुने छ र असल नागरिकको कर्तव्य निर्वाह गरेको मानिने छ भन्ने बुझाई आमनागरिकमा हुन सक्यो भने अझ राम्रो परिणामतर्फ अग्रसर हुनेछौं । *(लेखक नेपाल पत्रकार महासङ्घका केन्द्रीय अध्यक्ष हुनुहुन्छ)*


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# शरणार्थी प्रकरणको 'नेक्सस'लाई कारबाहीको दायरामा ल्याउँछौँ : उपप्रधानमन्त्री श्रेष्ठ

काठमाडौँ, २८ वैशाख (रासस) ।

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने भनेर ठगी गर्ने गिरोहको सबै 'नेक्सस'लाई कारबाहीको दायरमा ल्याइने बताउनुभएको छ ।

बिहीबार आफूसँग भेट गर्न आएका नेकपा (एकीकृत समाजवादी)का नेता तथा जनवर्गीय सङगठनका प्रतिनिधिसँगको छलफलमा उहाँले दोषीलाई कुनै पनि हालतमा नछाड्ने र निर्दोष कुनै पनि हालतमा नफस्ने गरी सरकार अगाडि बढेको बताउनुभयो । "निर्दोष कुनै पनि हालतमा पर्ने छैनन्, दोषी छुट्ने छैनन्", उहाँले भन्नुभयो ।

उपप्रधानमन्त्री श्रेष्ठले यस प्रकारको ठगी सामान्य भ्रष्टाचार मात्रै नभएर सङ्गठित अपराध भएको उल्लेख गर्नुभयो । अझ त्योभन्दा बढी यो राज्यविरुद्धकै अपराध भएको पनि उहाँको भनाइ छ । "यो भ्रष्टाचार मात्रै होइन माथिदेखि तलसम्म मिलेर चलाइएको सङ्गठित अपराध हो । यो यतिमा मात्रै सीमित नभएर आफ्नो देशका नागरिकलाई अनागरिक बनाउने राज्यविरुद्धकै अपराध हो", उहाँले भन्नुभयो ।

सो प्रकरणमा आफूलाई कुनै पनि नेताले दबाब नदिएको उल्लेख उल्लेख गर्दै उहाँले दबाब आए त्यसलाई थेगेरै भए पनि अनुसन्धान प्रक्रियालाई निष्कर्षमा पुऱ्याइने दृढता व्यक्त गर्नुभयो । शरणार्थी प्रकरणमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' बाट आफूले दह्रो साथ र आडभरोसा पाएको उहाँको भनाइ छ ।

"मलाई अहिलेसम्म शीर्ष नेताले यसलाई नपक्रनुस् उसलाई नपक्रनुस् भनेर दबाब दिनुभएको छैन । दोषी नफसोस् र निर्दोष नउम्कियोस् भन्ने नै उहाँहरूको कुरा छ,", उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "प्रधानमन्त्रीको निर्देशन र आडभरोसा छ । दोषीलाई कारबाही गरियोस् निर्दोस नपरुन् भन्ने छ सबैको कुरा ।"

उहाँले प्रहरीलाई निर्धक्क भएर अनुसन्धान अगाडि बढाउन निर्देशन दिएको जानकारी दिनुभयो । "राजनीतिक दवाबको सामना गर्ने म छु, तपाईंहरू पनि अन्य चलखेलमा नलागी अनुसन्धान गर्नुहोला भनेर प्रहरीलाई भनेको छु,", उहाँले भन्नुभयो ।

भेटमा एकीकृत समाजवादीका नेताले शरणार्थी प्रकरणमा सरकारले प्रशंसनीय काम गरेको भन्दै बधाई दिनुभएको थियो । यो अनुसन्धान प्रक्रियामा आफूहरूको पनि समर्थन रहने भन्दै उहाँहरूले कुनै पनि दबाबको अगाडि नझुक्न उपप्रधानमन्त्री श्रेष्ठलाई सुझाव दिनुभयो ।

# नख्खु कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी

ललितपुर, २७ (रासस) ।

ललितपुरको नख्खु कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी रहेका छन् । एक हजार दुई सय क्षमताको कारागार भए पनि हाल पुर्पक्षका लागि थुनामा राखिएको र जेल चलान भएका गरी एक हजार पाँच सय सात छन् ।

क्षमताभन्दा बढी भए तापनि हाललाई अन्य कारागारको जस्तो नख्खु कारागारमा व्यवस्थापनको समस्या नरहेको कारागार प्रशासक कल्पना घिमिरेले जानकारी दिनुभयो ।

उहाँका अनुसार आगामी दिनमा हालको सङ्ख्याभन्दा बढी कैदीबन्दी थपिएमा व्यवस्थापनमा समस्या हुन सक्नेछ । हाल नख्खु कारागारमा छ सय ९५ पुर्पक्षका लागि थुनामा राखिएकामा ४५ विदेशी नागरिक छन् ।

त्यसैगरी, आठ सय १२ कैदीबन्दीमध्येमा ५७ विदेशी नागरिक छन् । कैदीबन्दी रिहाइ हुने र अदालतको फैसलाअनुसार चलान हुने भएकाले यो सङ्ख्या प्रत्येक दिन फेरबदल हुने कारागार कार्यालयका अधिकृत मुरारी कार्कीले जानकारी दिनुभयो ।

हाल कारागारमा तीन ब्लक छन् । पुर्पक्षका लागि थुनामा राखिएका र अदालतको फैसलापछि जेल चलान भएकालाई छुट्टाछुट्टै ब्लकमा राखिएको छ ।

कारागार प्रशासक कल्पना घिमिरेका अनुसार, सिआर र डिआर ब्लक राणाकालीन संरचना भएकाले ती दुई ब्लकलाई केही मर्मत गरेर यथावत राखिएको छ भने नयाँ ब्लक पूर्णरुपमा नयाँ तरिकाले निर्माण गरिएको छ । कारागारमा ३२ प्रकारका घटनामा आधारित कैदीबन्दीमध्येमा सबैभन्दा बढी जबर्जस्ती करणी र लागुऔषधसँग सम्बन्धित कैदीबन्दी रहेको कार्यालय प्रशासक घिमिरेले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "कैदीबन्दीका लागि विभिन्न सीपमूलक तालिमको व्यवस्था छ । कारागारमा पढ्नका लागि करिब सात हजारभन्दा बढी पुस्तकसहितको पुस्तकालय छ । पढ्न चाहानेले कारागारबाट नै स्नातकोत्तर गर्नेसमेत व्यवस्था रहेको छ ।"

कारागारभित्र खेलकूद लगायत अन्य विभिन्न सेवासुविधा सरकारले उपलब्ध गराउँदै आएको र कैदीबन्दी बिरामी परेमा उपचारको व्यवस्था रहेको प्रशासक घिमिरेले बताउनुभयो ।

# नक्कली भूटानी प्रकरणमा संलग्नलाई कारबाही गर्नुपर्ने माग

काठमाडौँ, २८ वैशाख (रासस) ।

विभिन्न विद्यार्थी सङ्गठनले नक्कली भूटानी प्रकरणमा संलग्नलाई कारबाही गर्नुपर्ने माग गरेका छन् । यहाँ बिहीबार आयोजित साक्षात्कारमा विद्यार्थी नेताहरूले नक्कली भूटानी शरणार्थी प्रकरणमा संलग्न सबै जनालाई कारबाही नभए कडा आन्दोलन गर्ने जनाएका छन् । प्रतिपक्ष दल नेकपा (एमाले) निकट अनेरास्ववियुका अध्यक्ष समिक बडालले नक्कली भूटानी शरणार्थी प्रकरणमा सरकारले देखाएको तदारुकताप्रति धन्यवाद दिँदै दोषी देखिएका जो-कोहीलाई पनि कारबाही गर्नुपर्ने धारणा राख्नुभयो ।

अध्यक्ष बडालले भन्नुभयो, "वर्तमान सरकारले गरेको राम्रा कामका लागि 'स्यालुट' र साथ हुन्छ, तर आग्रह वा पूर्वाग्रह राखेर निर्दोष फस्ने दोषी उम्कने हुनु हुँदैन ।"

सत्तारूढ नेकपा (माओवादी केन्द्र) निकट अखिल (क्रान्तिकारी) का अध्यक्ष पञ्चा सिंहले आफ्नो पार्टी नेतृत्वको वर्तमान सरकारले भ्रष्टाचारविरुद्ध सुरु गरेको ऐतिहासिक कदमप्रति सबैले साथ दिनुपर्नेमा जोड दिनुभयो । नेकपा (एकीकृत समाजवादी) निकट अनेरास्ववियुका अध्यक्ष सुदेश पराजुलीले वर्तमान सरकारले हिम्मतिलो कदम चालेको भन्दै कोही कसैको व्यक्तिगत 'इन्ट्रेस्ट' र दबाबमा नपरी अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो ।

क्रान्तिकारी कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेलले नक्कली भूटानी प्रकरणमा कुनै पनि हालतमा सरकारले खुट्टा कमाउन नहुने बरु कसैले दबाब दिन्छ भने जनताले सडकबाट साथ दिने बताउनुभयो । अनेरास्ववियु (क्रान्तिकारी)का अध्यक्ष मिलन राईले जनपक्षीय काममा आफू र आफ्नो सङ्गठन सरकारको साथमा रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# कारबाहीको माग गर्दै देशभर दबाबमूलक प्रदर्शन

काठमाडौँ, २८ वैशाख (रासस) ।

नेकपा (एकीकृत समाजवादी)ले नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर विदेश पठाउने गिरोहमाथि कारबाहीको माग गर्दै बिहीबार देशभर दबाबमूलक कार्यक्रम गरेको छ ।

पार्टीआबद्ध २२ जनवर्गीय सङ्गठनले सत्य, तथ्य र निष्पक्ष छानबिन गरी दोषीलाई कानुनी सजायका लागि सबै जिल्ला सदरमुकाममा कार्यक्रम गरेको हो । सरकारले कारबाही प्रक्रिया सुरु गरेपछि पारदर्शी छानबिनमा दबाब दिन नागरिक सभा, जिल्ला प्रशासन कार्यालयमा ध्यानाकर्षण गराएको छ ।

मोर्चा फाँट इन्चार्ज एवं पार्टी उपमहासचिव डा विजय पौडेलले सरकारले गरेको छानबिनको सराहना गर्दै भ्रष्टाचारका विरुद्ध र सुशासनको पक्षमा आफ्नो पार्टीले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# रेशम चौधरीको मुद्दा फिर्ता लिने गरी कानुन संशोधन गर्दै सरकार, विधेयक दर्ता

**दैनिक समाचारदाता**
**काठमाडौँ, २८ बैशाख ।**

सरकारले पूर्वसांसद रेशम चौधरी, सिके राउत नेतृत्वको पार्टीका नेता कार्यकर्ता र विप्लव नेतृत्वको माओवादीका नेता/कार्यकर्ताको मुद्दा फिर्ता लिने गरी मुलुकी फौजदारी कार्यविधि संहितामा संशोधन दर्ता गराएको छ ।

सरकारले प्रतिनिधि सभामा दर्ता गराएको केही नेपाल ऐन संशोधन विधेयकमार्फत् फौजदारी कार्यविधि संहितामा संशोधन गर्दै नयाँ दफा थप गर्न लागेको हो । सरकारले मुलुकी फौजदारी कार्यविधि संहितामा दफा ११६ (क) थप्न लागेको हो ।

नयाँ दफामा 'दफा ११६ मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै राजनीतिक दल वा समूहले मुलुकको राजनीतिक प्रणालीसँग असहमत रही हिंसात्मक क्रियाकलाप सञ्चालन गरिरहेकोमा त्यस्तो राजनीतिक दल वा समूह शान्तिपूर्ण राजनीतिक क्रियाकलाप सञ्चालन गर्ने प्रतिवद्धता जनाई नेपाल सरकार र त्यस्तो राजनीतिक दल वा समूहबीच राजनीतिक प्रकृतिका सम्झौताको माध्यमबाट नेपाल सरकार बादी भई दायर भएका मुद्दा फिर्ता लिने गरी सहमति भएकोमा त्यस्तो सम्झौता बमोजिम त्यस्ता राजनीतिक दल वा समूहका नेता वा कार्यकर्ताका विरूद्धमा नेपाल सरकार बादी भई चलाइएका जुनसुकै मुद्दा जुनसुकै तहको अदालतमा विचाराधीन रहेको भए पनि फिर्ता लिन बाधा पर्ने छैन' भनी उल्लेख गरिएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

# विश्व समाचार

## पकिस्तानका पूर्वप्रम इमरान खान पक्राउ, हिंसात्मक प्रदर्शनमा ८ को मृत्यु

इस्लामाबाद, २८ वैशाख (रासस/एएनआई) ।

पूर्वप्रधानमन्त्री इमरान खानलाई गिरफ्तार गरेपछि पाकिस्तानभर भएका विभिन्न झडपमा कम्तीमा आठ जनाकोको मृत्यु भएको छ । ती झडपमा २९० भन्दाबढी घाइते भएको पनि डनले बिहीबार उल्लेख गरेको छ ।

झण्डै एक हजार ९०० प्रदर्शनकारीलाई गिरफ्तार गरिएका चन् । प्रहरी चौकीसहित विभिन्न सरकारी भवन ध्वस्त भएका छन् । इस्लामाबादको एक उत्तरदायित्व अदालतले बुधबार अल कादिर ट्रस्ट मुद्दामा पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानलाई आठ दिनको लागि हिरासतमा लिए पछि देशभर तवावको स्थिति सृजना भएको छ । केन्द्रीय महासचिव असद उमरलाई हिरासतमा लिएको केही घण्टापछि पीटीआईका वरिष्ठ उपाध्यक्ष फवाद चौधरीलाई पक्राउ पनि गरिएको थियो ।

पञ्जाब, खैबर पख्तुनख्वा र इस्लामाबादमा, प्रशासनले बिग्रँदै गएको अवस्थालाई व्यवस्थापन गर्ने प्रयासमा सेना परिचालन गरिएको थियो । प्रदर्शनकारीले कोर कमाण्डरको लाहोरको घरमा प्रवेश गरी रावलपिंडीको जीएचक्यूको एउटा गेटसमेत भत्काएका छन् ।

यसअघि बिहीबार पाकिस्तानका पूर्व विदेशमन्त्री, पाकिस्तान तहरीक-ए-इन्साफ (पीटीआई)का उपाध्यक्ष मखदुम शाह महमुद कुरेशीलाई इस्लामावाद प्रहरीले पक्राउ गरी अज्ञात स्थानमा सारिएको थियो । पाकिस्तानको एक्सप्रेस ट्रिब्यूनका अनुसार बुधबार दिउँसो पीटीआई नेतालाई इस्लामाबादको गिलगिट-बाल्टिस्तान हाउसबाट हिरासतमा लिइएको थियो ।

मङ्गलबार, पीटीआई अध्यक्ष खानलाई भ्रष्टाचार मुद्दामा पक्राउ गरिएको छ । उत्तरदायित्व ब्युरोले पूर्वप्रधानमन्त्रीविरुद्ध अनुसन्धान गर्दैछ । कुरेशीलाई पञ्जाब र खैबर पीमा दङ्गा र आगजनीका घटनामा प्रहरीको खोजीमा छन् ।

## अमृतसर विस्फोटः पाँच पक्राउ

पञ्जाब, २८ वैशाख (रासस/एएनआई) ।

बिहीबार बिहान अमृतसरको गोल्डेन टेम्पल नजिकै रहेको श्री गुरुराम दास निवास नजिकै भएको विस्फोटमा पाँच षड्यन्त्रकारीलाई पक्राउ गरिएको छ ।

ट्विटरमा पञ्जाबका प्रहरी महानिदेशक (डीजीपी) गौरव यादवले घटनामा संलग्न पाँच जनालाई गिरफ्तार गरेर मुद्दा चलाएको बताएका छन् । उनले विस्फोटका बारेमा पत्रकार सम्मेलन आयोजना गरेर विस्तृत जानकारी सार्वजनिक गरिने बताएका छन् । बिहीबार बिहान अमृतसरको गोल्डेन टेम्पल नजिकै रहेको श्री गुरु राम दास निवास नजिकै विस्फोट भएको आवाज सुनिएको थियो । यो एक हप्तामा वरपर चकित पार्ने तेस्रो विस्फोट थियो ।

बिहीबार बिहान करिब १२.३० बजे विस्फोट भएको थियो । पञ्जाब प्रहरी स्रोतका अनुसार विष्फोटको उद्देश्य शान्ति खलल पार्ने थियो । "पटाखामा प्रयोग हुने विस्फोटक पदार्थ विस्फोटमा प्रयोग गरिएको थियो", स्रोतले एएनआईलाई बताएको छ ।

यद्यपि घटनामा कुनै मानवीय क्षति भने भएको छैन । पत्रकारसँग कुरा गर्दै प्रहरी आयुक्त नौनिहाल सिंहले यसअघि भने, बिहान १२.१५-१२.३० बजे ठूलो आवाज सुनिएको थियो । अर्को विस्फोट हुनसक्ने आशङ्का छ । यसको पुष्टि हुन बाँकी छ । 'शङ्कास्पद व्यक्तिलाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ', उनले भने ।

श्री गुरुराम दास निवास सबैभन्दा पुरानो 'सराई' (लज) हो । प्रहरी र फरेन्सिक टोली घटनास्थलमा पुगेर अनुसन्धान भइरहेको छ ।

## राजनीतिक अस्थिरताका कारण पाकिस्तानी रुपैयाँको अवमूल्यन हुँदै

इस्लामावाद, २८ वैशाख (रासस/सिन्ह्वा) ।

पाकिस्तानी रुपैयाँको मूल्य अमेरिकी डलरको तुलनामा उल्लेखनीयरूपमा घटेको छ । बुधबार अन्तरबैंक बजारमा ग्रीनब्याक २९०.२२ रुपैयाँको अत्यन्त न्यून मूल्यमा कारोबार भएको स्टेट बैंक अफ पाकिस्तानले जनाएको छ ।

मङ्गलबार कारोबार अमेरिकी डलर २८४.८४ रुपैयाँमा बन्द भएको थियो । बुधबार स्थानीय मुद्रा अमेरिकी डलरको तुलनामा ५.३८ रुपैयाँ (करिब १.८५ प्रतिशत)ले घटेर न्यून रेकर्ड भएको आधिकारिक तथ्याङ्कले देखाएको छ ।

बजार विश्लेषकका अनुसार पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानलाई भ्रष्टाचारको आरोपमा राष्ट्रिय जवाफदेहिता ब्युरोले मङ्गलबार पक्राउ गरेपछि देशभर व्यापक विरोध भएको र त्यसकै प्रभावले पैसाको अवमूल्यन भएको टिप्पणी गरिएको छ ।

दक्षिण एसियाली मुलुकमा चलिरहेको राजनीतिक अस्थिरतापछि अन्तरराष्ट्रिय मुद्रा कोषको बेलआउट कार्यक्रमको पुनःशुरुवातमा आएको अनिश्चितता र विदेशी विनिमय सञ्चितिमा आएको कमीका कारण केही समयदेखि यहाँको रुपैयाँ दबाबमा रहेको छ ।

# मधेस प्रदेशमा सरकार पुनःगठन हुनुपर्छ : अध्यक्ष ठाकुर

धनुषा, २८ वैशाख (रासस)।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का अध्यक्ष महन्थ ठाकुरले मधेश प्रदेश सरकारको नेतृत्व सरकार पुनःगठन हुनुपर्ने माग गर्नुभएको छ।

बिहीबार जनकपुरधाम विमानस्थलमा पत्रकारसँग कुराकानी गर्दै अध्यक्ष ठाकुरले गठबन्धनको मर्मअनुसार अन्य प्रदेशमा सरकारको नेतृत्व परिवर्तन भए सरह नै मधेश प्रदेशमा पनि सरकारको नेतृत्व र स्वरुप परिमार्जन हुनुपर्ने बताउनुभयो।

अध्यक्ष ठाकुरले मधेश प्रदेश सरकारको नेतृत्वमा लोसपाको समेत दाबी रहने बताउनुभयो। गठन्धनको मर्मअनुसार मधेश सरकारको नेतृत्वमा अव लोसपाकै पालो हुनुपर्ने अध्यक्ष ठाकुरको भनाइ छ।

उपनिर्वाचन अगाडि नै मधेश प्रदेशको सरकारका विषयमा दलबीच सहमति भइसकेको भन्दै अध्यक्ष ठाकुरले त्यसैअनुसार मधेश सरकार परिवर्तन हुने दाबी गर्नुभयो।

अध्यक्ष ठाकुरले नक्कली भुटानी शरणार्थी प्रकरणमा छानबिन भइरहेकाले सबैले सहयोग गर्नुपर्नेसमेत बताएका छन्।

# समस्याग्रस्त दुई सहकारीका बचतकर्ताको रकम फिर्ता

काठमाडौँ, २८ वैशाख (रासस)।

सरकारले समस्याग्रस्त घोषणा गरेका १२ सहकारीमध्ये दुई सहकारीका सबै बचतकर्ताको रकम फिर्ता गरिएको छ।

सरकारले २०७५ साल असार १८ गते समस्याग्रस्त घोषणा गरेको कुवेर बचत तथा ऋण सहकारी संस्थाको पहिलो सूचनाअनुसार माग दाबी गर्ने सबै बचतकर्ताको पैसा फिर्ता गरिएको सहकारी व्यवस्थापन समितिको कार्यालयका प्रमुख केशवप्रसाद पौडेलले राससलाई जानकारी दिनुभयो। सहकारीका सञ्चालक र ऋणीको बैंक खाता रोक्का गरेपछि आएको पैसाले बचतकर्ताको बचत फिर्ता गरिएको उहाँले बताउनुभयो।

सरकारले विसं २०७५ असार १८ गते समस्याग्रस्त घोषणा गरेपछि जारी गरेको सूचनाअनुसार कुवेर सहकारीका १० बचतकर्ताले समितिसँग रु ८४ लाख बचत दाबी गरी निवेदन पेस गरेका थिए। ती सबैको बचत फिर्ता गरिएको हो। दश बचतकर्ताको वचत फिर्ता गरेपछि अन्य १२ बचतकर्ताले पनि रु ५० लाख माग दाबी गरी निवेदन पेस गरेका छन्।

यसअघि समितिले स्टचाण्डर्ड मल्टिपर्पोज को-अपरेटिभ लिमिटेडका बचतकर्ताको पनि सबै बचत फिर्ता गरिएको जानकारी गराएको थियो। बाँकी रहेका १० समस्याग्रस्त सहकारीमध्ये ओरेन्टल कोअपरेटिभ लिमिटेडमा चार हजार तीन सय बचतकर्ताको पैसा फिर्ता गर्नुपर्ने अभिलेख रहेको छ। ओरेन्टलले बचतकर्तालाई रु तीन अर्ब ५० करोड बचत फिर्ता गर्नुपर्नेछ।

सरकारले समस्याग्रस्त घोषणा गरेका स्टचाण्डर्ड सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेड, प्यासिफिक सेभिङ एण्ड इन्भेष्टमेन्ट कोअपरेटिभ लिमिटेड, प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड, कोहिनुर हिल सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेड, कन्जुमर बचत तथा ऋण सहकारी संस्था लिमिटेड, चार्टर सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेड, भेगास बचत तथा ऋण सहकारी संस्था लिमिटेड, सोसाइटल बचत तथा ऋण सहकारी संस्था लिमिटेड र लु:निभा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका बचतकर्ताको बचत फिर्ताका लागि पनि काम भइरहेको समितिका सदस्य सचिवसमेत रहनुभएका कार्यालय प्रमुख पौडेलले बताउनुभयो।

सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम सरकारले समस्याग्रस्त घोषणा गरेका सहकारीको व्यवस्थापनका लागि समितिको गठन भएको हो। समितिले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गत रही समस्याग्रस्त सहकारी व्यवस्थापनको काम गर्दै आएको छ।

### रेशम चौधरीको ...

मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ११६ मा अदालतमा विचाराधीन गम्भीर प्रकृतिको मुद्दा एक पटक दायर भैसकेपछि फिर्ता लिन नहुने व्यवस्था छ। उक्त दफाले हत्या, ज्यान मार्ने लगायतका मुद्दा फिर्ता लिन रोक लगाएको थियो।

सरकारले संसदमा दर्ता गराएको संशोधनले राजनीतिक दल वा समूहका नेता कार्यकर्ताले गरेको हिंसात्मक र अमानवीय क्रियाकलापमा चलेका मुद्दा समेत फिर्ता हुने भएका छन्।

लामो समयदेखि जेलमा रहेका पूर्वसांसद रेमश चौधरीको नागरिक उन्मुक्ति पार्टीले लामो समयदेखि उनको रिहाइको माग गर्दै आएको छ।

सिके राउत र विप्लव नेतृत्वको माओवादीले पनि आफ्ना कार्यकर्ता विरूद्धको मुद्दा फिर्ताका लागि सरकारसँग पटक पटक माग गर्दै आएका छन्।

रेशममाथि २०७२ भदौ ७ गते कैलालीको टीकापुरमा हिंसा भड्काउन मुख्य भूमिका खेलेको आरोप छ। उक्त घटनामा प्रहरी एसएसपी लक्ष्मण न्यौपानेसहित ७ सुरक्षाकर्मी र एक नाबालकको ज्यान गएको थियो। सेतोपाटीबाट

### अग्नी पीडितलाई ...

शूरुवात संगै आगलागीका घटना ह्वातै बढेको छ।

विगत एक महिनाको अवधीका आगलागीका २८ घटना भई २ करोड भन्दा बढीको क्षति भई सकेको राजविराज नगरपालिका बारुणयन्त्र विभागको तथ्याँकले देखाएको छ।

### ८२ दललाई लेखा ...

राजनीतिक दल र सो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन पेश नगर्ने १६ राजनीतिक दललाई सो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन कानून बमोजिम तोकिएको समयावधि भित्र किन पेश नगरेको हो ? लेखापरीक्षण प्रतिवेदन आयोगमा पेश गर्ने कार्य नगरेकोले तपाईंलाई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५४ को उपदफा (५) को खण्ड (क) बमोजिम किन कारवाही हुनु नपर्ने हो ? भन्ने व्यहोराको आफ्नो सफाई सहितको स्पष्टीकरण सोही ऐनको दफा ५४ को उपदफा (८) बमोजिम ७ (सात) दिनभित्र पेश गर्न निर्देशन दिइएको छ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**राजविराज नगरपालिका, सप्तरी**


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



**चट्याङबाट आफू बचौं र अरुलाई पनि बचाऔं।**

**चट्याङ पर्ने संभावना भएको बेला**

**घरबाहिर हुनुहुन्छ भने,**
- अग्लो र एक्लो रुखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा ज्यापिटङजस्ता क्रियाकलाप नगर्ने,
- खुल्ला मैदानमा नबस्ने,
- धातुबाट बनेका तारबार नजिक नबस्ने,

**घरभित्र हुनुहुन्छ भने,**
- विद्युतीय सामग्रीहरू जस्तै टीभी, कम्प्यूटर, फ्रिज, वासिङ मेसिन, मोबाइल फोन नजिक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्याण्डलाईन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*